मध्यपश्चिम विश्वविद्यालय

ग्याजुयट स्कूल अफ इन्जिनियरिङ

स्नातकोत्तर तह

प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी

जानकारी पुस्तिका

२०८१

कृपया यो पुस्तिका ध्यान दिएर पढ्नुहोला ।

प्रवेश परीक्षाको फाराम मध्यपश्चिम विश्वविद्यालयको Webpage entrance.mu.edu.np मा online भर्न सकिने छ । साथै जानकारी पुस्तिका website mugser.edu.np बाट download गर्न सकिने छ ।

स्नातकोत्तर तह (मार्स्टस कार्यक्रम) को प्रवेश परीक्षाको लागि

आवेदन र प्रवेश परीक्षा

सम्बन्धी कार्यक्रम-२०८१

अनलाइन प्रणाली मार्फत आवेदन फाराम भर्ने मिति र समय

२०८१ साल माघ १५ गते बेलुका पाँच बजेसम्म

आवेदन फाराम दस्तुर रु **२५००**

बैंकको नाम : नेपाल बैंक लिमिटेड, सुर्खेत

बैंकको खातावालको नाम : Graduate School oF Enginnering Dean Office (Income A/C)

बैंक खाता नं: १९४००१७३२६८३७०००००१

परीक्षा आवेदन अनलाइन मार्फत आवश्यक विवरण सहित बैंकको भौचर सहित संलग्न राखि मध्यपश्चिम विश्वविद्यालयको वेभसाइट entrance.mu.edu.np मा गई भर्न सकिनेछ । साथै सक्कल भौचर सुरक्षित राख्नको लागि जानकारी गराईन्छ ।

प्रवेश-परीक्षा २०८१ साल माघ १९ गते बिहान ११:०० बजेदेखि दिउसो १:०० बजेसम्म

भर्ना सम्बन्धी विस्तृत तालिका पछि प्रकाशित गरिनेछ ।

अन्य जानकारीको लागि :

म.प.विश्वविद्यालय

ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग

विरेन्द्रनगर सुर्खेत

सम्पर्क नं ०८३–५२४२७५

विषयसूचि

क्र.सं.	विषय	पृष्ठ सं.
१.	मध्यपश्चिम विश्वविद्यालयको संक्षिप्त परिचय	४
२.	ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्गको संक्षित परिचय	४
३.	स्नातकोत्तर तहको प्रवेश - प्रक्रिया	५
४.	छनोटको आधार सूची - प्रकाशन	६
५.	स्कुलको विभिन्न कोटा र सुरक्षित स्थान	६
६.	भर्ना हुँदा पेश गर्नुपर्ने कागजपत्रहरू	८
७.	भर्ना-रद्द र धरौटी फिर्ता	८
८.	स्नातकोत्तर तहको शुल्क विवरण	९
९.	म.प.वि. दर्ता, स्कुल परिचय पत्र र पुस्तकालय सदस्यता पत्र	१०
१०.	परीक्षा प्रणाली	१०
११.	खण्डगत भर्ना रोक्का	११
१२.	छात्रवृत्ति र पदक	११
१३.	विद्यार्थीहरूको आचार -संहिता	११
१४.	आचार संहिता सम्बन्धी कारबाही र सजाय	१३
१५.	अन्य जानकारी	१४
१६.	प्रवेश परीक्षा पाठ्यक्रम	१५

१. मध्यपश्चिम विश्वविद्यालयको संक्षिप्त परिचय :

नेपाल सरकारले लिएको बहुविश्वविद्यालय प्रणालीको अवधारणा अनुसार मध्यपश्चिम विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम वीरेन्द्रनगर सुर्खेतमा २०६७ साल असार ३ गते विधिवत रुपमा यस मध्यपश्चिम विश्वविद्यालयको स्थापना भएको हो। केन्द्रीकृत शिक्षा प्रणालीले नेपाल जस्तो भौगोलिक विकटता भएको देशमा सबै पक्ष र भागलाई समावेश गर्न नसक्दा शिक्षाको पहुँचबाट वञ्चित कर्णाली प्रदेशबासी जनताहरूलाई पनि विकेन्द्रीकृत शिक्षा प्रणालीको माध्यमबाट विकासको मूलधारमा ल्याउने प्रमुख लक्ष्यका साथ यस क्षेत्रलाई पनि हरेक दृष्टिले अन्तर्राष्ट्रिय जगतमा परिचित गराई पहुँचमा वृद्धि गर्ने उद्देश्यका साथ स्थापित यस विश्वविद्यालय नेपाल सरकारको पूर्ण लगानी रहेको छ। यस विश्वविद्यालयमा ऐनतः समायोजनमा परेका वीरेन्द्रनगर बहुमुखी क्याम्पस, पब्लिक साईन्स क्याम्पसलाई समायोजन गरि मानविकी, व्यवस्थापन, विज्ञान तथा प्रविधि र शिक्षा विज्ञान ,कृषि, र कानुन ग्राजुएट स्कूलहरुमा पठनपाठन भईरहेको छ। यस मध्यपश्चिम विश्वविद्यालयले यी छ सञ्चालित विषयहरू बाहेक विश्वविद्यालयको रणनीतिक योजना अनुसार आफ्नो उद्देश्य पूर्ति गर्न ०७०/७१ आर्थिक वर्षको शैक्षिक सत्र देखि इन्जिनियरिङ्ग संकाय हाल ग्राजुएट स्कूल अफ इन्जिनियरिङ्ग अन्तर्गत विभिन्न विषयहरू संचालन भइरहेको र निकट भविष्यमा नै चिकित्साशास्त्र संकाय सञ्चालन गर्ने लक्ष्य अनुरुप आवश्यक पूर्वाधार निर्माण र अन्य शैक्षिक कार्यहरू सञ्चालन गरिरहेको छ।

२. ग्राजुएट स्कूल अफ इन्जिनियरिङ्ग संक्षित परिचय :

त्रिभुवन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय तथा काठमाडौं विश्वविद्यालय लगायत अन्य विश्वविद्यालयहरूले प्राविधिक विषयमा कार्यक्रम सञ्चालन गरी राष्ट्र विकासमा अतुलनीय योगदान पुऱ्याउँदै आइरहेको वर्तमान परिप्रेक्ष्यमा ग्रामीण क्षेत्रलाई समेत प्राविधिक क्षेत्रमा सवल र सुदृढ बनाउने अभिप्रायका साथ यस मध्यपश्चिमविश्वविद्यालय सुर्खेतले पनि आर्थिक वर्ष ०७०/०७१ को शैक्षिक सत्रदेखि इन्जिनियरिङ्ग संकायको स्थापना गरेको हो। हाल यो स्कुल अन्तरगत ईन्जिनियरिङ्ग बिभागमा BE (Civil) संचालन भइरहेको र आ.व. ०७२।७३ देखि BE (Computer) विषयमा र २०७३/०७४ देखि BE (Hydropower) विषयमा पठनपाठन शुरु गरेको छ । यसैगरी स्नातकोत्तर तहमा आ.व.२०७५/०७६ देखि MSc in Construction Managment तथा Msc in Structural Engineering विषयको सेमत पठनपाठन सञ्चालन भएको छ साथै आगामी दिनहरूमा इन्जिनियरिङ्ग विधाका विभिन्न विषयहरूका स्नातक र स्नातकोत्तर तहमा समेत बिभिन्न थप कार्यक्रम समेत सञ्चालन गर्ने योजना बनाएको छ।

देश विकासको मेरुदण्डको रुपमा रहेको प्राविधिक शिक्षाको जनशक्ति स्वदेशबाटै पूर्ण गर्न र बाँकी रहेका दक्ष प्राविधिक जनशक्ति विदेशी मुलुकमा गई आय आर्जन अर्थात् विश्व सामु पहिचान गराउन देशका लागि समेत गर्व गर्ने बिषय भएकाले नेपालको शिक्षा नीति अनुरुप सबै विकास क्षेत्रलाई समेट्ने गरी बहुविश्वद्यालयको धारणा अगाडि सरेको छ। क्षेत्रगत विकास मात्र नभई सिङ्गो नेपाल र विश्वलाई समेत चिनारी दिने हेतुले प्राविधिक बिषयमा अध्ययन अध्यापन गराउने लक्ष्य यस विश्वविद्यालयले बोकेको छ। त्यसै लक्ष्य अनुरुप यस मध्यपश्चिमविकास क्षेत्रका जनताको असीम चाहना अनुरुप स्थापित भएको यस मध्यपश्चिमविश्वविद्यालयले विभिन्न स्कुल स्नातक र स्नातकोत्तर तह सञ्चालन गरेको छ भने आगामी बर्षहरूमा स्नातक तहका अन्य थप कार्यक्रमहरू पनि सञ्चालन गर्दै जानेछ भने साथै निकट भविष्यमा स्नातकोत्तर तह र विभिन्न विधामा Research Center हरू सुरु गर्ने लक्ष्य लिएको छ जसले गर्दा यस क्षेत्र र समग्र देशको प्राविधिक जनशक्ति उत्पादनमा थप सहयोग र अनुसन्धानात्मक शिक्षाको विकास हुने विश्वास लिईएको छ।

स्नातकोत्तर तर्फको भर्ना

आवेदन दिने विद्यार्थीहरुले स्नातक तह (बि.ई. सिभिल ईन्जिनियरिङ्ग वा सो सरह उत्तीर्ण भई कम्तिमा पनि द्वितीयश्रेणी वा २.०० CGPA प्राप्त भएको हुनुपर्नेछ। मध्यपश्चिम विश्वविद्यालय ग्र्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग

अर्न्तगत ईन्जिनियरिङ्ग कार्यक्रमको स्नातकोत्तर तहमा अध्यापन गरिने कार्यक्रमको भर्ना लक्ष्य :

क्र.सं.	कार्यक्रम	नियमित	पूर्ण शुल्कीय	जम्मा सिट
१	Construction Managament	३ (१ खुल्ला १ महिला र १ कर्णाली प्रदेश)	१७ कोटा	२०
२	Structural Engineering	२ (१ खुल्ला र १ महिला)	११ कोटा	१३

ग्र्याजुएट स्कूल ग्र्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग भर्ना व्यवस्था :

बिभाग भर्ना सम्बन्धमा निम्न दुई किसिमका शिक्षण शुल्क लिने गरी आवेदकहरू भर्ना गरिने व्यवस्था छ : १) नियमित भर्ना २) पूर्णशुल्कीय भर्ना। नियमित विद्यार्थीको रुपमा भर्ना पाएका विद्यार्थीहरूले न्यूनतम शिक्षण शुल्क तिर्नेछन् र बाँकी आवेदकले पूर्ण शुल्कीय कार्यक्रम अन्तर्गतको शुल्क तिरी भर्ना हुन सक्नेछन्। नियमित, पूर्णशुल्कीय, र विदेशी आवेदकको भर्ना तथा सेमेष्टर शुल्क-विवरण दफा ८ मा दिइएको छ।

३. स्नातकोत्तर तर्फको प्रवेश प्रकिया

ग्र्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग ,सिभिल इन्जिनियरिङ्ग केन्द्रीय बिभागमा भर्ना भई अध्ययन गर्न चाहने आवेदकहरूले अनिवार्यरुपमा ग्र्याजुएट स्कूल अफ इन्जिनियरिङ्गले संचालन गरेको प्रवेश परीक्षा दिई स्कुलले तोके अनुसार न्यूनतम अङ्कभार तथा मापदण्ड पूरा गरी प्रवेश परीक्षामा सफल भएको हुनुपर्ने छ।

प्रवेश परीक्षाको नतिजा प्रकाशन

प्रवेश परीक्षाको कूल प्राप्ताङ्क प्रतिशतलाई प्रवेश प्राप्ताङ्क कायम गरिनेछ। सोही प्रवेश प्राप्ताङ्कको आधारमा प्रवेश-परीक्षाको लागि ग्र्याजुएट स्कूल अफ इन्जिनियरिङ्गले **न्यूनतम उत्तिर्णाङ्क ४०% (चालिस) प्रतिशत** र सो भन्दा बढी प्राप्ताङ्क भएकाहरूको योग्यताक्रम सूची मध्यपश्चिम विश्वविद्यालय को वेभसाइट www.mu.edu.np मा हेर्न सकिनेछ। त्यसपछि भर्ना सम्बन्धि सम्पूर्ण कार्यहरू इन्जिनियरीङ्ग केन्द्रीय विभागबाट नै सम्पन्न गरिने छ।

४. छनोटको आधार र सूची प्रकाशन

प्रवेश परीक्षाको कूल प्राप्ताङ्क प्रतिशतलाई प्रवेश प्राप्ताङ्क कायम गरिनेछ। सोही प्रवेश-प्राप्ताङ्कको आधारमा परिक्षार्थीले छनोट गरेको विषयक्रम अनुसार भर्नाको लागि योग्यताक्रमको सूची प्रकाशित गरिनेछ। सो योग्यताक्रममा ईन्जिनियरिङ्ग केन्द्रीय क्याम्पसले तोकेको प्रवेश-परीक्षाको न्यूनतम प्राप्ताङ्क प्रतिशत वा सो

भन्दा बढी प्राप्ताङ्क भएका परीक्षार्थीहरूको मात्र नाम समावेश गरिनेछ। । सूची प्रकाशित गर्दा दुई वा दुई भन्दा बढी आवेदकहरूको प्रवेश प्राप्ताङ्क बराबर भएमा कुल प्राप्ताङ्कको दशमलवपछि ३ अकंको गणना गरिनेछ। यसो गर्दा जसको अङ्क बढी हुन्छ, उसैको नाम प्राथमिकताक्रमानुसार प्रकाशित गरिनेछ। यसो गर्दा पनि प्राप्तांक बराबर भएमा प्रवेश परीक्षामा क्रमश : अंग्रजि, गणित, Structural Engineering, Geotechnical Engineering, Water Resources Engineering, Transportation Engineering र Water Supply and Sanitary Engineering विषयहरूको प्राप्ताङ्क जसको बढी आएको हुन्छ उसैको नाम प्रकाशित गरिनेछ।

५. ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग विभिन्न कोटा र सुरक्षित स्थान

१. महिला कोटा

इन्जिनियरिङ्ग केन्द्रीय विभाग			
क्र.सं.	कार्यक्रम	नियमित (निशुल्क वृत्ति) संख्या	पूर्ण शुल्कीय संख्या
१	Construction Management	१	१
२	Structural Engineering	१	१

२. कर्णाली कोटा

यस कोटाका लागि आवेदन दिने विद्यार्थी, कर्णाली प्रदेशको नागरिकता भएको हुनुपर्ने तथा कम्तीमा पनि प्रवेशिका परीक्षा सरकारी वा सामुदायिक विद्यालयबाट उत्तीर्ण भएको हुनुपर्नेछ । कर्णाली प्रदेश अन्तर्गतका १० जिल्लामा स्थाइ ठेगाना भइ आवेदन दिएका विद्यार्थीहरु मध्ये उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीले कर्णाली कोटा प्राप्त गर्नेछन् । एक प्रकारको छात्रवृत्ति वा सुविधा उपभोग गर्ने विद्यार्थीहरूलाई अर्को प्रकारको छात्रवृत्ति वा सुविधा दिइने छैन।

- सबै किसिमका छात्रवृत्ति वा निशुल्क अध्ययनको सुविधा छात्रवृत्ति समितिको सिफारिसमा प्रदान गरिने छ।
- छात्रवृत्तिहरू अर्धवार्षिक परीक्षामा अनुत्तिर्ण हुने विद्यार्थीहरूलाई प्रदान गरिने छैन तर भर्नाको समयमा प्रदान गरिएको निशुल्कवृत्ति निरन्तर रहने छ।

विदेशी नागरिकहरूका लागि सुरक्षित कोटा

ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग अर्न्तरगत सञ्चालित पूर्णशुल्कीय कार्यक्रमको पूर्णशुल्कीय सीटको १/१२ अंश बराबरको सिट विदेशी विद्यार्थीहरूको प्रवेश परीक्षा निम्न अनुसारको हुनेछ।

क्र. सं.	बिदेशी विद्यार्थीहरूको किसिम	प्रवेश परीक्षाको किसिम

१	नेपालकैक्याम्पस/उच्च माध्यमिक विद्यालयमा अध्यय गरी आएका विदेशी विद्यार्थीहरू	ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्गले तोकेको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ।
२	SAARC देशका विदेशी विद्यार्थीहरू	भर्ना समितीले संचालन गर्ने नेपाली विद्यार्थीहरू सरह प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण हुनुपर्नेछ।
३	SAARC देशभन्दा बाहेकका अन्य विदेशी विद्यार्थीहरू	भर्ना समितीले तोकेको प्रवेश परीक्षा अनुसार भर्ना गर्न सकिनेछ।

६. भर्ना हुँदा पेस गर्नुपर्ने कागजातपत्रहरू

भर्ना हुनका लागि नाम प्रकाशित भएका आवेदकहरूले निम्न लिखित कागजपत्रहरूका साथ आफै वा आफ्नो प्रतिनिधिमार्फत तोकिएको मिति भित्र भर्ना हुनुपर्ने छ।

- ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्गको प्रवेश परीक्षाको Admit Card सक्कल प्रति,
- प्रवेशिका (एस.एल.सी) वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रतिलिपि १/१ प्रति।
- प्रवीणता प्रमाण पत्र तह, उच्च माध्यमिक तह, स्नातक तह वा सो सरहको परीक्षामा द्वितीय श्रेणी वा २.०० CGPA प्राप्त गरेको लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) र चारित्रिक प्रमाण पत्रहरूको सक्कल र प्रमाणित प्रतिलिपि १/१
- नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति,
- अन्य विश्वविद्यालयको वा बोर्डबाट प्रविणता प्रमाण पत्र तह, स्नातक तह वा सो सहरको परीक्षा उतिर्ण गर्नेहरूले सम्बन्धित बोर्डका माइग्रेशन सर्टिफिकेट, बोर्ड सटिफिकेट वा प्रोभिजनल सर्टिफिकेटको सक्कल, नेपाल ईन्जिनियरिङ्ग काउन्सिलबाट प्राप्त लाइसेन्स र प्रमाणीत प्रतिलिपि १/१ प्रति,
- विदेशी आवेदकहरूले राहदानीको प्रमाणीत प्रतिलिपि पेश गर्नु पर्नेछ।
- कुनै आवेदनकले एकै समयमा एउटै वा समान स्तरको पाठ्यक्रम दुई विश्वविद्यालय वा संस्थामा दर्ता गरेको पाइएमा नेपालको शिक्षण संस्था वा विश्वविद्यालयमा दर्ता गरी प्राप्त गरेको प्रमाण पत्रलाई मात्र मान्यता दिइने छ।

७. भर्ना रद्ध र धरौटी रकम फिर्ता

- सक्कल प्रमाणपत्रहरू रुजु गर्दा प्राप्ताङ्क वा अन्य विवरणहरू फरक हुन आएमा वा अन्य कुनै किसिमबाट गल्तीले नाम प्रकाशित भएमा त्यस्ता आवेदकलाई भर्ना हुन दिने छैन। यदि कुनै पनि गल्तीले भर्ना भएको भए तापनि भर्ना रद्ध गरिने छ।
- भर्ना भई कक्षा सञ्चालन भएको मितिले सात दिनसम्म उचित कारण सहितको सूचना विना कक्षामा अनुपस्थित रहने तथा दर्ता फारम दर्ता नगराउने विद्यार्थीहरूको भर्ना रद्द गरी सो स्थानमा योग्यताक्रमानुसार पुनः नाम प्रकाशित गरी भर्ना गरिने छ।
- कुनै कारणवस कक्षा सञ्चालन हुनु अगावै विद्यार्थी स्वयम्ले भर्ना रद्द गरेमा शिक्षण शुल्कको १० प्रतिशत रकम कट्टा गरी भर्ना रद्द गरिने छ। कक्षा सञ्चालन भएको मितिले ७ दिन भित्र भर्ना रद्द गरेमा शिक्षण शुल्कको २० प्रतिशत रकम कट्टा गरी भर्ना रद्द गरिने छ र कक्षा शुरु भएको ७ दिन पछि भर्ना रद्द गर्न चाहेमा विभागको धरौटी रकम समेत जफत गरी भर्ना रद्द गरिने छ।
- पाठ्यांश पूरा गरेर वा नगरी कुनै किसिमले विभाग छोडेको एक वर्ष भित्र मात्र विभाग धरौटी बाहेक अन्य धरौटी फिर्ता गरिने छ। तर विभाग धरौटी स्नातक तहको अध्ययन पूरा गरेपछि एक वर्ष भित्रमात्र फिर्ता गरिने छ। बीचमा पढाई छाडेमा विद्यार्थीहरूको हकमा विभाग धरौटी जफत गरिने छ।

८. ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्गको स्नातकोत्तर कार्यक्रमको शुल्क विवरण

Fee Structure for Masters Degree

2 Year 4 Semester Course **Academic Year 079/080**

S. N.	Semester Fee	For Scholarship Student NRs	For Full Fee Student NRs	Sponsored Student
1	Admission	3,000	3,000	3,000
2	Tuition Fee	-	23690	44220
3	Game and Sports	200	200	400
4	Library	1000	2,000	2,000
5	Examination	700	700	700
6	Late Charge Fee	0	0	0
7	Laboratory	1000	2,000	3,000
8	Student Union	200	200	200
9	Student Welfare	500	500	500
10	Expert Expenses	3300	10000	10000

	Total	**9,900**	**42290**	**64,020**
11	Library Deposit	1,000	1,000	1,000
12	Library Card	200	200	200
13	Identity Card	200	200	200
14	Seminar	0	25,000	31,600
15	Field Trip	2000	30,000	35,000
16	Laboratory Deposit	1,000	1,000	1,000
17	MU Registration	1000	1000	1000
17	Campus Security Deposit	5,000	10,000	10,000
18	Research	0	36,600	45,000
	Total	**10,400**	**1,05,000**	**1,25,000**
	Grand Total	**20,300**	**1,47,290**	**1,89,020**

At the time of Admission (For Schoilarship Student): NRs **20,300/-**
Remaining each Semester (For Scholarship Student): NRs **9,900/-**
Total fee for Scholarship student: NRS **50,000/-**
At the time of Admission (For Paying Student): **NRs 1,47,290 /-**
Remaining each Semester (Full Fee Student): NRs **42,290/-**
Total fee for Full Fee Student: **NRs 2,74,160/-**
Total fee for Sponsored Student: **NRs 3,81,080/-**
(For Sponsored Student, all the payment should be done at the time of admission)

Note: - (i) All deposits are refundable.
(ii) Application form and entrance test fee will be NRs **Rs. 2500/-** for Masters program.

द्रष्टव्य

१. माथि उल्लेख गरिएको शुल्कका सम्बन्धमा नियमित र पूर्ण शुल्कीय विद्यार्थीको लागि क्रमश : विश्वविद्यालय वा स्कुलबाट परिमार्जन भएमा सोही अनुसार हुनेछ।

२. माथि उल्लेखित बिभाग धरौटी अध्ययन पुरा गरेपछि मात्र फिर्ता हुनेछ।

९. मध्यपश्चिम विश्वविद्यालय दर्ता, बिभाग परिचय पत्र र पुस्तकालय सदस्यता पत्र

क) म. प. वि. वि. दर्ता भइसकेका आवेदकले दर्ता भएको विवरण पत्रको फोटोकपी बुझाउनुपर्ने छ र नभएकाले २ प्रति पासपोर्ट साईजको फोटो ल्याई तोकिएको मिति भित्र दर्ता फारम भर्नु पर्ने छ।

ख) बिभाग परिचयपत्र र पुस्तकालय सदस्यता पत्र बिभागले प्रदान गर्नेछ। यसका लागि ताकिएको मितिमा निम्नानुसारका फोटाहरू लिई विद्यार्थी स्वयं उपस्थित हुनुपर्ने छ।

- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति।
- हालसालै खिचिएको अटोसाइजको फोटो २ प्रति।
- उपरोक्त बुँदा न. ९ का अनुसारका कामहरू गर्न क्याम्पसले सूचना गरेको दिनमा अनिवार्य उपस्थित हुनुपर्ने छ।

१०. परीक्षा प्रणाली

(क) आन्तरिक मूल्याङ्कन

१) ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग नियमानुसार अध्ययनरत विद्यार्थीको उपस्थिति कम्तिमा **७५** प्रतिशत हुनुपर्नेछ।

२) प्रत्येक विषयको आन्तरिक मूल्याङ्कनमा (Internal Assessment) उत्तीर्ण हुनुपर्नेछ। आन्तरिक मूल्याङ्कनमा अनुउत्तीर्ण भएमा सो विषयको सत्रान्त परीक्षा दिन पाइने छैन।

३) कुनै विषयको पाठ्यक्रम संशोधन भएमा पुनः परीक्षा दिनेहरूले संशोधित पाठ्यक्रमको आधारमा पुनः परीक्षा दिनु पर्ने छ।

(ख) अन्तिम परीक्षा

१) यस स्कुल अन्तर्गत अध्यापन गरिने सबै तहको परिक्षा परीक्षा व्यवस्थापन कार्यलयले संचालन गर्दछ। परीक्षा व्यवस्थापनले तयार गरेको शैक्षिक पात्रो अनुसार हुनेछ।

२) विद्यार्थीहरूले २ बर्षे शैक्षिक कार्यक्रम बढीमा ४ वर्षमा समाप्त गर्नु पर्ने छ।

११. खण्डगत भर्ना रोक्का

१. कुनै वर्ष र खण्डको नियमित अर्धवार्षिक परीक्षामा सम्मिलित हुन परीक्षा फारम भरेको हुनुपर्ने छ र कम्तीमा १ वटा परीक्षा दिएको हुनुपर्ने छ। अन्यथा माथिल्लो वर्ष र खण्डमा सम्मिलित हुन दिइने छैन।

२) कुनै बर्ष र खण्डको परीक्षा दिइएपछि त्यसपछिको बर्ष र खण्डमा अध्ययन गर्न भर्ना हुनुपर्ने छ।

१२. छात्रवृत्ति र पदक

छात्रवृत्ति र पदक म.प.वि.वि. वा ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्गले समय समयमा सूचना गरे अनुसार वा व्यवस्था गरे बमोजिम हुनेछ।

१२.१ विषेश छात्रवृत्ति

ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग अन्तर्गत संचालित प्रत्येक बिषयको प्रत्येक कक्षाको छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी बाहेक पूर्ण शुल्कीय विद्यार्थीहरु मध्ये सर्वोत्कृष्ट नतिजा हासिल गर्ने एक जना विद्यार्थीलाई लगत्तैको सेमेस्टरको शिक्षण शुल्क मिनाहा गरिने छ।

१३. विद्यार्थीहरूको आचार संहिता

१. ऐन र नियम पालना गर्नुपर्ने: विद्यार्थीले ऐन, नियम, विश्वविद्यायको विभाग वा कुनै संगठन वा निकायको कार्यप्रणाली, निर्देशन, सूचना र परिपत्र आदि पालना गर्नु पर्नेछ।

२. शैक्षिक कार्यक्रममा सरिक हुनुपर्ने: विश्वविद्यालय वा विभाग भर्ना पाएका नियमित विद्यार्थीले सम्वन्धित शैक्षिक कार्यक्रममा तोकिए वमोजिम सरिक हुनुपर्ने छ।

३. विश्वविद्यालयलाई सहयोग गर्नुपर्ने : आफु अध्ययनरत विश्वविद्यालयको गरिमा प्रतिष्ठा र मर्यादाको अभिवृद्धिका लागि विद्यार्थीले सक्दो योगदान, सहयोग र सद्भावना राख्नुपर्ने छ।

४. पारस्परिक सम्वन्ध र सहयोग गर्नुपर्ने : एक विद्यार्थीले अर्को विद्यार्थीमा सुसम्वन्ध, सद्व्यवहार, सहयोग, सद्भावना तथा शिष्टाचार जागृत गराउनु पर्ने छ।

५. विद्यार्थी अनुशासनमा रहनु पर्ने : विश्वविद्यालयको हाता वा क्षेत्रभित्र र बाहिर विद्यार्थी अनुशासनमा रहनुपर्नेछ।

६. विद्यार्थीहरूले शिक्षक र पदाधिकारीहरूलाई आदर गर्नुपर्ने : विद्यार्थीहरूले पदाधिकारी, शिक्षक र कर्मचारीलाई आदरसूचक सम्बोधन र व्यवहार गर्नु पर्नेछ।

७. वास्तविक तथ्य प्रकाश गर्नुपर्ने : विश्वविद्यालयमा भर्ना पाउन, कुनै छात्रवृत्ति, पदक वा सहुलियत वा अन्य कुनै अधिकार वा काम पाउन विद्यार्थीले आफ्नो जन्ममिति, जन्मस्थान, ठेगाना, शैक्षिक उपाधि वा अन्य कुरा ढाट्नु वा लुकाउनु वा झुटो विवरण दिनु वा अन्य यस्तै अवाञ्छनीय र अनुचित काम कुरा गर्नु गराउनु हुँदैन।

८. विश्वविद्यालयको हाताभित्र गर्न नहुने : विद्यार्थीले विश्वविद्यालयको हाताभित्र देहायका कामकुरा गर्नु गराउनु हुँदैन :

   (क) विभागीय प्रमुख वा अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति विना सार्वजनिक सभा, प्रदर्शनी, खेलकुद, नाचगान, नाटक, चलचित्र प्रदर्शन, सांस्कृतिक वा मनोरञ्जन कार्यक्रमको आयोजना वा संचालन गर्न गराउनु।

   (ख) कुनै घातक हात हतियार र अवाञ्छनीय वा निषेधित मालवस्तु सहित उपस्थित हुनु वा भेला गर्न गराउन।

   (ग) हुलहुज्जत, दबाब, प्रभाव, जबर्जस्ती, तोडफोड, अश्लिल इसारा र कुटपिट, हरहमला, गालीगलौज, अभद्र व्यवहार र घेराउ गर्न गराउनु

   (घ) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वस्थता वा प्रतिकूलता ल्याउनु वा ल्याउन लगाउनु।

   (ङ) फोहरमैला र अन्य दूषित काम गर्न गराउनु।

   (च) निषेधित क्षेत्रमा प्रवेश गर्न गराउनु।

   (छ) विश्वविद्यालयको विभाग वा कुनै संगठन वा निकायको प्रमुखबाट निषेधित भनी तोकिएको अन्य काम गर्न गराउनु।

९. विभाग कक्षा र प्रयोगशाला आदिमा सम्मिलित हुन नपाउने : एक विभाग वा शिक्षण संस्थामा भर्ना लिई बिना स्वीकृति कुनै विद्यार्थी वा व्यक्तिले अर्को कुनै क्याम्पसमा अध्ययन वा अभ्यास आदिका लागि सम्मिलित हुनु हुदैन।

१०. विश्वविद्यालयको सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउनु नहुने : विद्यार्थीले विश्वविद्यालय वा त्यसको कुनै सङ्गठन वा निकायको भवन, फर्निचर, पुस्तक, पुस्तिका, सामग्री, यन्त्र, उपकरण, औजार, मालवस्तु लगायत गैरअचल एवं चल सम्पत्तिको हिनामिना, हानी नोक्सानी वा दुरुपयोग गर्नु गराउनु हुँदैन।

११. विश्वविद्यालयका पदाधिकारी तथा शिक्षक कर्मचारीलाई अनुचित दबाब दिन नहुने : कुनै पदाधिकारी, शिक्षक, कर्मचारी एवं विद्यार्थी अन्य कुनै व्यक्तिलाई मानसिक वा शारीरिक कष्ट दिने मनसायले कुनै अनुचित कामकुरा गर्नु गराउनु हुदैन।

१२. अनुमतिविनाकक्षा प्रवेश गर्न र छोड्नु हुँदैन : शिक्षकले प्राध्यापन वा मार्गदर्शन वा निर्देशन दिईरहेको कक्षा, प्रयोगशाला वा अन्य कुनै स्थानमा निजको अनुमति नलिई विद्यार्थीले प्रवेश गर्न वा त्यहाँबाट निस्कनु हुदैन।

१३. शुल्क वा अन्य अतिरिक्त रकम समयभित्रै तिर्नुपर्ने : विश्वविद्यालय, त्यसको विभाग वा अन्य कुनै निकायले लगाएको शुल्क वा अन्य रकम सम्बन्धित विद्यार्थीले तोकिएको म्यादभित्र नियमितरुपले तिर्नुपर्ने छ।

परिचयपत्र साथमा राख्नुपर्ने : विद्यार्थीले विश्वविद्यालयको विभाग वा कुनै सङ्गठन वा निकायमा प्रवेश गर्दा वा रहँदाको समयमा आफ्नो परिचयपत्र आफुसाथै राख्ने गर्नुपर्दछ। विश्वविद्यालय वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायले विद्यार्थीका लागि तोकिएको पोसाक अनिवार्यरुपमा लगाई क्याम्पस वा कक्षामा प्रवेश गर्नुपर्ने छ।

पुस्तक-लागायत अन्य बक्यौता बुझाउनुपर्ने : विभाग वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायमा आफ्नो अध्ययन वा सत्र वा अवधि समाप्त भएपछि विद्यार्थीले आफुले पुस्तकालयबाट लिई राखेको पुस्तक वा अन्य वस्तु वा बुझाउन बाँकी रहेको रकम वा अन्य बक्यौता तोकिएको म्यादभित्र अनिवार्य रुपमा बुझाउनु पर्छ।

परीक्षाको प्रयोजनका लागि विद्यार्थीहरूको आचार संहितासम्बन्धी व्यवस्था :

१) परीक्षार्थीले परीक्षा भवन छाड्नुअघि आफ्नो उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई बुझाउनुपर्ने छ।

२) परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्तिहरू उपर परीक्षार्थीले अभद्र व्यवहार, हूलहुज्जत, हातपात तथा कुटपिट जस्ता कार्य गर्नु हुँदैन। कुनै परीक्षार्थीले त्यस किसिमको कार्य गरेमा, गरेको कार्यको अनुपातमा केन्द्रीय परीक्षा सञ्चालन समितिले सम्बन्धित परीक्षा रद्द गर्नुका साथै निज परीक्षार्थीलाई एक वर्ष देखि चार वर्षसम्म कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्कासन गर्न सक्नेछ। त्यस निष्कासनको सूचना सञ्चार माध्यमबाट प्रसारण गरिने छ।

३) परीक्षार्थीले व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो वा अरुको परीक्षा विथोल्ने जस्ता कार्य गर्न पाउने छैन। यस्तो कार्य गर्ने परीक्षार्थीलाई कारवाहीको निमित्त स्थानीय प्रशासनको जिम्मा लागाइने छ।

४) परिक्षार्थीले आफु सम्मिलित हुनुपर्ने परीक्षामा आफै सम्मिलित हुनु पर्नेछ र अरुलाई सम्मिलित गराउनु हुँदैन यदि अरुलाई सम्मिलित गराएको प्रमाणित हुन आएमा परीक्षार्थीलाई परीक्षा सञ्चालक समितिले बढीमा चार वर्षसम्म निष्काशन गर्ने निर्णयका साथै फौजदारी अभियोगको कारबाही चलाउन स्थानीय प्रशासनलाई जिम्मा लगाईनेछ र विश्वविद्यालयको कुनै पनि परीक्षामा चार वर्षसम्म सम्मिलित हुनबाट बन्चित गर्न सकिने छ।

१४. आचारसंहिता सम्बन्धी कारबाही र सजाय :

१) कारबाही र सजाय

(क) यस नियमको, वि.वि. नियमको परिच्छेद १९ मा उल्लेखित कुनै आचार संहिता र विश्वविद्यालयको अन्य नियम र कार्यप्रणाली कुनै विद्यार्थीले उल्लन गरेमा उल्लघंन गरेको आचार-संहिताको प्रकृति किसिम र मात्रा हेरी त्यस्ता उल्लघंनकर्ता विद्यार्थीलाई अन्यथा लेखिएकोमा वाहेक कारबाही गरी देहायको कुनै एक वा सो भन्दा बढी सजाय दिन सकिने छ।

१) चेतावनी
२) लिखित नसियत
३) हानि नोक्सानी वा क्षतिपूर्तिको पुरै वा आंशिक रकम।
४) बढीमा १५ दिन सम्म कक्षा वा प्रयोगशालाबाट समेत निलम्बन।
५) कुनै निर्धारित समयका लागि क्याम्पस वा विभागबाट निष्काशन।
६) विभागमा निश्चित अवधिकालागि भविष्यमा शैक्षिक कार्यक्रममा प्रवेशका लागि रोक्का।
७) विश्वविद्यालयमा कुनै निश्चित अवधिका लागि अध्ययन गर्न नपाउने गरी निष्कासन।

२) उपनियम (१) को खण्ड (७) बाहेक अन्य उल्लिखित सजाय गर्ने अधिकार सम्बन्धित विद्यार्थी दार्ता भएको वा अध्ययनरत विभाग वा विश्वविद्यालयको कुनै संगठन वा निकायको प्रमुखलाई हुनेछ।

३) उपनियम (१) को खण्ड (७) को सजाय दिनु परेमा उपनियम (२) मा तोकिएको पदाधिकारी वा अधिकारीको सिफारिसमा कार्यकारी परिषद्ले गर्न सक्ने छ।

४) उपनियम (१) मा उल्लिखित कारवाही को प्रकृया वा तरिका उपनियम (२) र (३) मा तोकिएको पदाधिकारी वा अधिकारी आफैले तोक्न वा व्यवस्थित गर्न सक्नेछ।

५) सम्बन्धित विभाग/कलेजहरूमा भर्ना हुँदा परिच्छेद १३ मान्य हुने गरी भर्ना भएको मानिने छ।

कार्यप्रणाली वा सूचना प्रकाशित गर्न सक्ने

यस नियमको परिच्छेद १३ क को २. मा जुनसुकै कुरा लेखिएको भएतापनि क्याम्पस प्रमुख वा विभागीय प्रमुख वा सम्बन्धित पदाधिकारी वा अधिकारीले विद्यार्थीले पालना गर्नु पर्ने थप आचारसंहिता वा पालन गर्नु पर्ने सर्तका सम्बन्धमा कार्यप्रणाली वा सूचना जारी गर्न सक्नेछ। त्यस्तो सूचनामा उल्लेखित आचारसंहिता वा सर्त उल्लघंन गर्ने विद्यार्थी माथि त्यसै नियमको परिच्छेद १३ मा उल्लेखित सजाय दिन सकिनेछ र त्यस्तो सजाय दिन पाउने अधिकारी सोही परिच्छेदमा उल्लेख भए बमोजिम हुनेछ।

- १५. अन्य जानकारी
- सम्पूर्ण शैक्षिक गतिविधिहरू र विभागमा हुने विदाहरूको सम्बन्धमा ग्याजुएट स्कूल अफ इन्जिनियरिङ्ग प्रकाशित गरिने शैक्षिक पात्रो (Academic Calendar) बाट जानकारी लिन सकिने छ।
- विभागको पठन पाठन बिहान, दिउँसो वा रात्रिकालिन जुनसुकै सिफ्टमा हुन सक्नेछ ।
- विभाग आवत जावतका लागि दैनिक यातायातको व्यवस्था विद्यार्थी स्वयंले गर्नुपर्नेछ।

द्रष्टव्य :

प्रतिलिपि प्रमाणित गर्ने व्यवस्था विभागले गर्ने छैन। आधिकारिक व्यक्तिबाट प्रमाणित गराउने जिम्मेवारी आवेदक स्वयंको हुने छ।

यस पुस्तिकामा उल्लिखित व्यवस्था सम्बन्धित अख्तियारवालाले परिवर्तन लागू गर्नका लागि यस पुस्तिकामा छापिएको कुरा बन्देजको रुपमा मानिने छैन। यस पुस्तिकामा प्रकाशित भएको कुनै व्यवस्था नियमसँग बाझिन गएमा बाझिएको हदसम्म यो व्यवस्था लागू हुने छैन।

Masters Entrance Examination Curriculum

Entrance examination of 2 hours consisting of two sections:

- **Section A**: This section consists of General English and Mathematics of 50 marks
- **Section B**: This section consists of stream specialized course of 50 mark. Each Question will be of objective type with multiple choice answers.

Critical Reasoning: Communication English [10x1=10]

Critical reasoning section aims to test the candidate's comprehension of the interpretative abilities in English as a language of business and communication. Critical reasoning questions measure your ability to read with understanding, insight and discrimination. These questions explore your ability to analyze a written passage from several perspectives, including your ability to recognize explicitly stated elements as well as underlying statements and their implications. This section measures reading comprehension and critical reasoning skills in multiple-choice format.

The critical reasoning section measures your ability to (a) Analyze and evaluates a written text and synthesizes information obtained from it. (b) Analyze relationships among component parts of sentences.

Mathematics [40x1=40]

The format of these multiple-choice questions varies. The solution may require simple computations, manipulations or multi-step problem solving. These section aim to test the candidate's understanding of Basic Mathematics (Numbers; Operations, Fractions, Decimals and Percentages, Ratios and Proportions, Roots and Power, Logarithms, Progressions, Elementary Geometry and Mensuration; Elementary Trigomonetry, Introductory Set Theory, Algebra (Polynomials, Equations and Inequalities, Simultaneous equations and solutions, Elementary Linear Programming), Calculus (limits and continuity, differentiation, integration,

ordinary linear differential equation, integration, ordinary linear differential equation, partial differentiation equation), Probability and Statistics (Counting, Permutations and Combinations)

Structural Engineering [10x1=10]

Stresses and strains, Bending and deflection and its equations, Statically determinate structure: displacements by energy principles; static and kinematic indeterminacies; analysis of indeterminate structures; slope-deflection and moment distribution methods; influence lines for determinate and indeterminate structures; trusses;two and three hinged arches; analysis of trusses and frames; concepts of plastic analysis of beams and frames.

Geo-technical Engineering [10x1=10]

Phase relationship, soil classification, clay mineralogy, soil compaction, permeability, principal of effective stress, seepage analysis, stress distribution, consolidation, shear strength of soil, stability of slopes, soil exploration, earth pressure theories, rigid and flexible retaining structures, bearing capacity and settlement of shallow foundations, analysis of deep foundation (pile, pier, well), foundation soil improvement.

Water Resources Engineering [10x1=10]

Physical properties of Fluid, Fluid pressure, Equilibrium stability of floating bodies, Fluid kinematics, Classification of fluid flow, Dynamics of flows, Euler's equation, Bernoulli's equation, Navier stokes equation Boundary layer theory, Momentum equation, Open channel flow, Uniform and Non uniform flow, Energy & momentum principle for open channel flow, Flow in mobile boundary channel, Flow over notches & weirs, Gradually varied flow, Hydraulic Jump and its analysis, Similitude and physical modeling, Physical hydrology, Surface runoff, Rainfall-runoff correlation, Hydrograph Analysis, Unit hydrographs, Peak flow estimation and statistical hydrology, Flood routing.

Transportation Engineering [10x1=10]

Road transportation in Nepalese context, Highway alignment, Geometric design, Highway drainage system, Highway materials, Traffic Studies, traffic control devices and measures, Road intersection and design, Road pavement, Construction and maintenance of road pavements, Bridge type, site selection, components and protection structures, Tunnel components, requirements and methods of tunneling.

Water Supply & Sanitary Engineering[10x1=10]

Introduction of Water Supply Engineering, Sources of water, Quantity of Water, WHO guidelines, Nepal Drinking water quality standards, Quality of Water, Intake Works, Water Treatments- natural, artificial, Sedimentation, Filtration, Disinfection, Reservoirs and Distribution System, Conveyance of water, Valves and Fittings. Introduction of sanitary engineering, Quantity of Waste Water, Characteristics and Examination of Sewage, Design and Construction of Sewers, Sewer Appurtenances, Sewage Disposal, sewage Treatment, Sludge Treatment and Disposal, Disposal of Sewage from Isolated Buildings, Solid Waste management, WASH and Ecosan